# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरेको सूचना खण्ड ७१, सङ्ख्या २, मिति २०७८।०१।१३ को नेपाल राजपत्रको भाग ४ मा प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचनाको प्रकरण १ अन्तर्गत प्रत्यायोजित अधिकारको खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

"(ज) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित सम्बन्धित मुद्दाको अनुसन्धान गर्ने निकाय रहेको जिल्ला सरकारी वकील कार्यालयमा पेस हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

**आज्ञाले,**
**गोपाल प्रसाद रिजाल**
**नायब महान्यायाधिवक्ता ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार